# जानकी फाइनान्स कम्पनी लिमिटेड
## स्टेशन रोड-२, जनकपुरधाम
## पचिसौं बार्षिक साधारण सभाको
## निर्णय (माइन्युट)

१. **प्रारम्भिक** :-

जानकी फाइनान्स कम्पनी लिमिटेडको मिति २०७८ साल माघ १२ गते बसेको सञ्चालक समितिको ३२५ औं बैठकको निर्णयानुसार कम्पनी ऐन, २०६३, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ र वित्तीय संस्थाको प्रबन्धपत्र तथा नियमावली बमोजिम सञ्चालक समितिका अध्यक्ष श्री अमर नाथ गुप्ता ज्यूको सभापतित्वमा निम्न लिखित मिति, समय र स्थानमा निम्न बिषयहरु उपर छलफल र निर्णय भई देहाय बमोजिम पचिसौं बार्षिक साधारण सभा सम्पन्न भयो ।

२. **सभाको मिति, समय र स्थान** :-

मिति : २०७८ साल फाल्गुन २२ गते आइतवार (तदनुसार ६ मार्च २०२२)

समय : बिहान ११।३० बजे ।

स्थान : गायत्री कुञ्ज, अतिथी सदन, जानकी चौक, जनकपुरधाम ।

३. **सभाको सूचना** :-

कम्पनी ऐन, २०६३ को दफा ६७ (२) बमोजिम वित्तीय संस्थाको पचिसौं बार्षिक साधारण सभाको सूचना मिति २०७८।१०।१४ र २०७८।१०।२८ गतेको अनपुर्णपोष्ट राष्ट्रिय दैनिक र आर्थिक अभियान दैनिकमा कमशः प्रकाशित गरिएको तर गणपुरक संख्या अपुग भएकोले पुनः मिति २०७८।११।०८ गतेको अनपुर्णपोष्ट राष्ट्रिय दैनिक प्रकाशित गरिएको थियो । यसका अतिरिक्त शेयरधनी महानुभावहरुको ठेगानामा साधारण सभा सम्बन्धी सूचना सहितको बार्षिक प्रतिवेदन पठाईएको थियो ।

४. **उपस्थिति** :-

(क) **सञ्चालकको उपस्थिति** :-

१. श्री अमर नाथ गुप्ता — अध्यक्ष

(ख) **पदाधिकारीको उपस्थिति** :-

| | |
|---|---|
| १. श्री दिनेश कुमार शर्मा | निमित्त प्रमुख कार्यकारी अधिकृत |
| २. श्री रोशन कापर | कम्पनी सचिव |
| ३. श्री सुनिल कुमार साह | लेखा प्रमुख |

(ग) **शेयरधनीहरुको उपस्थिति** :-

| | |
|---|---|
| स्वयं उपस्थित | २३ जना |
| प्रतिनिधी मार्फत | १५ जना |

५. **सभामा प्रस्तुत छलफलका बिषयहरु** :-

**(क) सामान्य प्रस्तावहरुः**

१. सञ्चालक समितिको तर्फबाट अध्यक्ष ज्यूको आर्थिक बर्ष २०७७/७८ को बार्षिक प्रतिवेदन र लेखापरीक्षकको प्रतिवेदन सहितको २०७८ अषाढ मसान्तको वासलात, मिति २०७७ श्रावण १ गते देखि २०७८ अषाढ मसान्त सम्मको नाफा नोक्सान हिसाब र सोही अवधिको नगद प्रवाह विवरण र सो सँग सम्बन्धित अनुसुचीहरु माथि छलफल गरी पारित गर्ने प्रस्ताव ।

२. आर्थिक बर्ष २०७८/७९ को हरहिसाब लेखापरीक्षण गर्नको लागि लेखापरीक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक तोक्ने प्रस्ताव ।

३. यस कम्पनीको सञ्चालक समितिका सदस्यज्यूहरुको पदावधि समाप्त भएकाले संस्थापक तर्फ ३ जना र सर्वसाधारण तर्फ २ जना गरी ५ जना सञ्चालक निर्वाचन सम्बन्धि प्रस्ताव ।

४. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम ०.७८९५% नगद लाभांश (बोनश शेयरको कर प्रयोजनको लागि) वितरण गर्न स्वीकृत गर्ने प्रस्ताव ।

**(ख) बिशेष प्रस्तावहरुः**

१. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम प्रत्येक शेयरको १५ प्रतिशतको अनुपातमा आ.ब. २०७७/७८ को नाफा रु.९,००,६१,७००।- (अक्षरेपी रु. नौ करोड एकसाठी हजार सात सय मात्र) बराबरको बोनस शेयर जारी गर्न तथा उक्त अनुपातमा बोनस शेयर जारी गर्न स्वीकृत गर्ने ।

२. वित्तीय संस्थाको प्रबन्धपत्र र नियमावलि संशोधन गर्ने ।

३. उपरोक्त प्रस्ताव नं. ख अन्तर्गत पारित बिशेष प्रस्तावहरु समेतलाई समावेश गरि बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, कम्पनी ऐन २०६३, तथा अन्य प्रचलित कानून बमोजिम प्रबन्धपत्र तथा नियमावली कम्पनी रजिष्ट्रारको कार्यालय तथा सम्बन्धित अन्य निकायबाट स्वीकृत गराउन तथा केही संशोधन गर्नुपर्ने भए सो समेत गर्न सञ्चालक समितिलाई वा सञ्चालक समितिले तोकेको पदाधिकारीलाई अख्तियारी प्रत्यायोजन गर्ने ।

(ग) विविध

६. <u>गणपुरक संख्या (कम्पनी ऐन, २०६३ को दफा ७३ बमोजिम)</u> :-

यस साधारण सभामा निम्न बमोजिम शेयरको प्रतिनिधित्व हुने गरी शेयरधनीहरुको उपस्थिती रहेको थियो ।

| कुल शेयर | जम्मा शेयरधनी संख्या | जम्मा उपस्थित संख्या | जम्मा उपस्थित शेयर संख्या | प्रतिशत |
|---|---|---|---|---|
| ६००४१११ | ८११४ | ३८ | १७२३०७८ | २८.६९८ |

६. <u>सभाको कारवाही र बैधानिकता</u> :-

सभाको शुरुमा निमित प्रमुख कार्यकारी अधिकृत श्री दिनेश कुमार शर्माले वित्तीय संस्थाको पचिसौं बार्षिक साधारण सभामा उपस्थित सम्पूर्ण शेयरधनी महानुभावहरु, सञ्चालक समितिका सदस्यहरु र कर्मचारीहरुलाई वित्तीय संस्था व्यवस्थापनको तर्फबाट हार्दिक स्वागत गर्नुहुदै आजको साधारण सभा संचालनको लागि कम्पनी ऐन, २०६३ को दफा ७३ को उपदफा (३) तथा जानकी फाइनान्स कम्पनी लिमिटेड को नियमावलीको नियम ५ ले गरेको कानूनी प्रावधान बमोजिम गणपुरक संख्या पुग्नको लागि कूल शेयर संख्याको २५ प्रतिशत भन्दा बढी आवश्यक हुने भन्ने प्रावधान बमोजिम गणपुरक संख्या पुगिसकेको जानकारी दिँदै कम्पनी ऐन, २०६३ अनुसार सभा बैधानिक भएको जानकारी कम्पनी सचिवले दिनु भयो । साथै कम्पनी ऐन २०६३ को दफा ६७ (५) अनुसार को विवरण साधारण सभा स्थलमा राखिएको व्यहोरा निमित प्रमुख कार्यकारीले सभा समक्ष प्रस्तुत गर्नु भयो । तत्पश्चात निमित प्रमुख कार्यकारीले सभा संचालनको लागि वित्तीय संस्थाका अध्यक्ष श्री अमर नाथ गुप्ता ज्यूलाई अनुरोध गर्नुभयो ।

७. <u>सभाको सभापतित्व र सभा संचालन</u> :-

साधारण सभाको सभापतित्व गर्नको लागि कम्पनी ऐन, २०६३ को दफा ७४ (१) र वित्तीय संस्थाको नियमावली बमोजिम अध्यक्ष श्री अमर नाथ गुप्ता ले सभापतित्व गर्नु भयो र सभाको शुरुवात भयो ।

तत्पश्चात पचिसौं बार्षिक साधारण सभाका सभापति ज्यूले उपस्थित सबै शेयरधनी महानुभावहरुलाई स्वागत गर्दे कम्पनीको अध्यक्ष ज्यूको प्रतिवेदन, सञ्चालक समितिको प्रतिवेदन र आर्थिक बर्ष २०७७/७८ को बार्षिक प्रतिवेदन सभा समक्ष प्रस्तुत गर्नु भयो ।

८. <u>छलफलको लागि आव्हान</u> :-

१. सभा समक्ष अध्यक्ष ज्यूले प्रतिवेदन प्रस्तुत गर्नु भए पश्चात लेखा परीक्षकको प्रतिवेदन सहितको २०७८ आषाढ मसान्तको वासलात तथा आर्थिक बर्ष २०७७/७८ को नाफा नोक्सान हिसाव र नगद प्रवाह विवरण छलफलका लागि प्रस्तुत गर्नु भई सो उपरको छलफलमा आफनो मन्तव्य, जिज्ञासा तथा सुझाव पेश गर्न सभामा उपस्थित शेयरधनी महानुभावहरुलाई अनुरोध गर्नु भयो ।

९. **मन्तव्य तथा अभिव्यक्ति :-**

नआएको ।

१०. **वित्तीय संस्थाको तर्फबाट प्रस्तुत भएको जवाफ :-**

११. **सभाका निर्णयहरु :-**
आजको सभामा शेयरधनी महानुभावहरुले दिनु भएको अमूल्य सुझाव, सल्लाहलाई वित्तीय संस्थाले उच्च प्राथमिकतामा राखी कार्यान्वयन गर्दै जाने प्रतिवद्धता व्यक्त गर्दै सभामा प्रस्तुत प्रस्तावहरुलाई कमश : पारित गरिदिन हुन अनुरोध गर्नुभयो ।

क. **सामान्य प्रस्तावहरुमा :-**

१. सभामा पचिसौं बार्षिक साधारण सभाको लागि कम्पनीको सञ्चालक समितिको तर्फबाट प्रस्तुत प्रतिवेदन पारित गर्नका लागि प्रस्ताव राखिएकोमा सर्वसम्मत रुपमा सो प्रतिवेदन पारित गरियो साथै लेखापरीक्षकको प्रतिवेदन सहितको २०७८ आषाढ मसान्तको वासलात तथा आ.ब. २०७७/७८ को नाफा नोक्सान हिसाव र सोही अवधिको नगद प्रवाह विवरण लगायत वित्तीय विवरणहरु पारित गरियोस भनी सभाका सभापति ज्यूले सभामा प्रस्ताव राख्नु भए पश्चात २०७८ आषाढ मसान्तको वासलात तथा आ.ब. २०७७/७८ को नाफा नोक्सान हिसाब र सोही अवधिको नगद प्रवाह विवरण लगायत वित्तीय विवरणहरु सर्वसम्मतिबाट पारित गरियो ।

२. यस कम्पनीको सञ्चालक समितिका सदस्यज्यूहरुको पदावधि समाप्त भएकाले संस्थापक तर्फ ३ जना र सर्वसाधारण तर्फ २ जना गरी ५ जना सञ्चालक निर्वाचन सम्बन्धि प्रस्ताव राख्नु भए पश्चात संस्थापक तर्फ बाट ३ जना निर्विरोध निर्वाचित र सर्वसाधारण तर्फ बाट १ जना महिला कम्पनी ऐन २०६३ को दफा ८६ को उपदफा २ अनुसार निर्विरोध निर्वाचित र १ जना निर्वाचन प्रकृयाबाट निर्वाचित हुनु भएको निर्णय सर्वसम्मतिबाट पारित गरियो ।

३. सभामा सञ्चालक समितिले सिफारिस गरे बमोजिम ०.७८९५% नगद लांभाश बोनस शेयर वापतको स्रोतमा तिर्नुपर्ने आयकर रकम वापत रु.४७,४०,०८९।४७ (अक्षरेपी सैतालिस लाख चालिस हजार उनानव्बे पैसा सैतालिस ) शेयरधनीहरुको तर्फबाट वित्तीय संस्थाले सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा दाखिला गरिदिने निर्णय सर्वसम्मतिबाट पारित गरियो ।

४. लेखापरीक्षण समितिको सिफारिस बमोजिम आ.ब.२०७८/७९ को लागि लेखा परीक्षकको नियुक्ति र निजको पारिश्रमिक बारे छलफल हुँदा श्री देवकी विजय एण्ड कम्पनी, चार्टड एकाउन्टेन्टस् लाइ आ.ब. २०७८/७९ को लागि लेखापरीक्षक नियुक्त गरि ( NFRS Format, आयकर, लंग फर्म



जानकी फाइनान्स कम्पनी लि. जनकपुरधाम २०५२

अडिट रिर्पोट र कम्पनी ऐन २०६३ को दफा ७८ बमोजिमको विवरण र धितोपत्र बोर्डमा पेश गर्ने संस्थागत सुशासन सम्बन्धि प्रतिवेदन समेत प्रमाणित गर्ने) कार्यको लागि रु.३,००,०००.०० (अक्षरेपी रुपैया तिन लाख) दिने गरी निजलाई बाह्य लेखापरीक्षकमा नियुक्त गर्ने निर्णय सर्वसम्मतिबाट गरियो ।

ख. **बिशेष प्रस्तावहरु :-**

१. प्रत्येक शेयरको १५% को अनुपातमा आ.ब.२०७७/७८ को नाफाबाट रु.९,००,६१,७००।०० (अक्षरेपी नौ करोड एकसठी हजार सात सय) बोनस शेयर जारी गर्न तथा उक्त अनुपातमा बोनस शेयर जारी गर्दा कुनै भिन्न अंक आएमा शेयरधनी समुहको वर्तमान शेयर ग्रहण अनुपात कायमै रहने गरी भिन्न अंकको बोनस शेयरलाई शेयरको अंकित मूल्यका आधारमा अधिकत्तम भिन्न अंक प्राप्त हुनेलाई प्रचलित नियमानुसार समायोजन गरी पूर्ण अंकमा परिणत गरी तदनुकुल चुक्ता पूँजीमा समायोजन गर्न स्वीकृत गर्ने प्रस्ताव सर्वसम्मतिबाट पारित गरियो ।

२. वित्तीय संस्थाको प्रबन्धपत्र र नियमावलीमा देहाय बमोजिमको संशोधन गर्ने निर्णय सभाबाट सर्वसम्मति रुपमा गरियो :

**प्रबन्ध पत्रमा संशोधन :**

| दफा / उप दफा | हाल भैरहेको व्यवस्था | संशोधन व्यवस्था | संशोधन गर्नुपर्ने कारण |
|---|---|---|---|
| ५ (ख) | वित्तीय संस्थाको तत्काल जारी पूँजी रु. ६०,०४,११,१००।०० रहेको । | वित्तीय संस्थाको तत्काल जारी पूँजी रु. ६९,०४,७२,८००।०० हुनेछ । | बोनस शेयर जारी गर्दा पूँजी बृद्धि हुन जाने कारणले । |
| ५ (ग) | वित्तीय संस्थाको तत्काल चुक्ता पूँजी रु. ६०,०४,११,१००।०० रहेको । | वित्तीय संस्थाको तत्काल चुक्ता पूँजी रु. ६९,०४,७२,८००।०० हुनेछ । | बोनस शेयर जारी गर्दा पूँजी बृद्धि हुन जाने कारणले । |

३. बिशेष प्रस्तावको रुपमा पारित प्रस्तावहरुलाई समेत समावेश गरी बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, कम्पनी ऐन, २०६३ तथा अन्य प्रचलित कानून बमोजिम प्रबन्धपत्र तथा नियमावली कम्पनी रजिष्ट्रारको कार्यालय तथा सम्बन्धित अन्य निकायबाट स्वीकृत गराउन तथा केही संशोधन गर्नुपर्ने भएमा सो समेत गर्न सञ्चालक समितिलाई अख्तियार प्रत्यायोजन गर्ने निर्णय सर्वसम्मतिबाट गरियो ।

ग. **विविध :-**

जानकी फाइनान्स कम्पनी लि. २०५२

१२. **धन्यबाद ज्ञापन** :-

आजको यस सभामा छलफल गर्ने अन्य बिषयहरु नभएको हुँदा सम्पूर्ण शेयरधनी महानुभावहरु, सञ्चालक समिति, नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, लेखापरीक्षक लगायत कम्पनीका सम्पूर्ण कर्मचारीहरु साथै सम्बन्धित सबैलाई अध्यक्ष ज्यूले हार्दिक धन्यबाद ज्ञापन गर्नु भयो र भविष्यमा पनि सम्बन्धित सबैको सहयोग रहने अपेक्षा गर्नुभयो ।

१३. **सभा बिसर्जन** :-

सभाका अध्यक्ष ज्यूबाट सभामा उपस्थित सबै शेयरधनी महानुभावहरुलाई वहाँहरुको अमुल्य सुझाव र सहभागिताको लागि आभार प्रकट गर्दै पुनः धन्यबाद ज्ञापन गरि आजको पचिसौं बार्षिक साधारण सभा बिसर्जन भएको घोषणा गर्नु भयो ।

दिनेश कुमार शर्मा
निमित प्रमुख कार्यकारी अधिकृत

जानकी फाइनान्स कम्पनी लि.
२०५२
जनकपुरधाम

अमर नाथ गुप्ता
अध्यक्ष